सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३४७ ♦ २०८३ साल भदौ २३ मंगलवार ♦ 8 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## वर्षान्तको बजेट खर्च रोक्ने मधेसको नयाँ परीक्षण

अजयकुमार साह

**भदौ २२ गते, बर्दिवास**

मधेस प्रदेशमा विकास बजेट खर्च गर्ने पुरानो शैली परिवर्तन गर्ने प्रयास सुरु भएको छ । आर्थिक वर्षको अधिकांश समय विकास निर्माणका योजना अलपत्र राख्ने र असारमा आएर बजेट सक्नकै लागि धमाधम काम गर्ने प्रवृत्ति अन्त्य गर्ने उद्देश्यले प्रदेश सरकार ले यस वर्ष आर्थिक वर्षको सुरुदेखि नै बजेट कार्यान्वयनमा लैजाने नीति लिएको छ ।

प्रदेशको अर्थ मन्त्रालयले सबै मन्त्रालयलाई बजेट कार्यान्वयनका लागि अख्तियारी उपलब्ध गराएपछि अब विकास आयोजनाको प्रक्रिया भदौबाटै अघि बढाउन बाटो खुलेको छ । मन्त्रालयहरूले योजना तयारी, लागत अनुमान, बोलपत्र आह्वान र ठेक्का प्रक्रियालाई सुरुदेखि नै अघि बढाउन सक्नेछन् ।

प्रदेश अर्थ मन्त्रालयको वेबसाइटमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन, विनियोजन ऐन, रातो किताब र वार्षिक विकास कार्यक्रमसमेत सार्वजनिक गरिएको छ ।

यो निर्णय सामान्य प्रशासनिक प्रक्रिया जस्तो देखिए पनि मधेस प्रदेशमा वर्षौंदेखि दोहोरिँदै आएको बजेट खर्चको समस्यालाई हेर्दा यसको अर्थ ठूलो छ । प्रश्न अब बजेट कहिले खुल्यो भन्नेभन्दा पनि बजेट खुलेपछि मन्त्रालयहरूले कति छिटो र कति गुणस्तरीय रूपमा योजना कार्यान्वयन गर्छन् भन्ने हो ।




### असारमा खर्च गर्ने रोग

मधेस प्रदेशमा मात्र होइन, नेपालका धेरै सरकारी निकायमा आर्थिक वर्षको अन्त्यतिर विकास खर्च बढ्ने प्रवृत्ति पुरानै समस्या हो । वर्षको सुरुवातमा बजेट विनियोजन भए पनि योजना कार्यान्वयनका लागि आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया ढिला हुने गर्छ । त्यसपछि आर्थिक वर्ष सकिन लाग्दा बजेट खर्च गर्ने दबाब बढ्छ ।

यही दबाबले जेठ र असारमा सडक, नाला, भवन, कल्भर्टलगायतका काम एकैपटक अघि बढ्ने गरेका छन् । काम सम्पन्न गर्ने समय छोटिँदै जाँदा अनुगमन कमजोर हुने र निर्माणको गुणस्तरमा सम्झौता हुने जोखिम बढ्छ ।

बाँकी पृष्ठ ३ मा

## बाढीमा अभिभावक गुमाएका १० छात्रको शिक्षा राजकीय संस्कृत माविले जिम्मा लिने

खबर दर्पण समाचारदाता

**भदौ २२ गते, वर्दिवास**



महोत्तरीको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयले रसुवाको भोटेकोशी बाढी तथा विपत्तिमा अभिभावक गुमाएका १० जना छात्रको कक्षा ८ देखि १२ सम्मको सम्पूर्ण शैक्षिक दायित्व लिने घोषणा गरेको छ ।

सरकारले रसुवा बाढी तथा प्राकृतिक विपत्तिमा ज्यान गुमाएकाहरूको सम्झनामा सोमबार आयोजना गरेको राष्ट्रिय शोक दिवसका अवसरमा विद्यालयले यस्तो घोषणा गरेको हो ।

विद्यालयका प्रधानाध्यापक (गुरुकुलका गोठालो) ईश्वरी पौडेलले वक्तव्य जारी गर्दै विपत्तिका कारण धेरै बालबालिका अभिभावकविहीन भएको भन्दै उनीहरूको शिक्षा र भविष्य सुनिश्चित गर्नु सामूहिक मानवीय दायित्व भएको बताए ।

विद्यालयले अभिभावक गुमाएका १० जना छात्रलाई विद्यालयमा भर्ना गरी कक्षा ८ देखि १२ सम्मको शिक्षा, आवश्यक शैक्षिक सामग्रीलगायत सम्पूर्ण शैक्षिक दायित्व ग्रहण गर्ने जनाएको छ ।

विद्यालयले विद्यार्थीलाई शिक्षा प्रदान गर्ने मात्र नभई उनीहरूको भविष्य निर्माणमा अभिभावकीय भूमिका र आत्मीयता प्रदान गर्ने प्रयास गरिने जनाएको छ ।

प्रधानाध्यापक पौडेलले विपत्तिबाट प्रभावित बालबालिका भविष्यमा देशका सक्षम नागरिक बन्न सक्ने भएकाले उनीहरूको हातमा कलम र आँखामा भविष्यको सपना जगाउनु आवश्यक रहेको बताए ।

उनले विपत्तिको समयमा सबैले आफ्नो क्षमता र सामर्थ्यअनुसार प्रभावित बालबालिकाको भविष्य निर्माणमा सहयोग गर्नुपर्नेमा जोड दिँदै यस अभियानमा सहकार्यका लागि सबैलाई आह्वान गरेका छन् ।

मटिहानी नगरपालिका-७ मा रहेको राजकीय संस्कृत माध्यमिक विद्यालय विसं १७५० मा सेन वंशको समयमा स्थापना भएको र नेपालकै पहिलो गुरुकुलका रूपमा परिचित विद्यालय हो ।

विद्यालयले एक बालकको शिक्षा जोगाउनु एउटा परिवारको भविष्य जोगाउनु सरह भएको उल्लेख गर्दै रसुवा विपत्तिबाट अभिभावकविहीन बनेका १० छात्रको शिक्षा र भविष्य निर्माणमा आफूहरू सहयात्री बन्ने प्रतिबद्धता जनाएको छ ।

यसैबीच, विद्यालयले रसुवाको विनाशकारी बाढी तथा प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउने सबैप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन तथा प्रभावित सबैमा धैर्य र शक्ति प्राप्त होस् भन्ने कामना गरेको छ ।

सत्कर्म कृषि सहकारी संस्था लि.

बर्दिबास, महोत्तरी

**साधारण सभा सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा यस सत्कर्म कृषि सहकारी संस्था लि. को मिति २०८३ भाद्र १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको नवौं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिने भएको हुँदा यस संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरूलाई उक्त साधारण सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**तपसिल**

मिति : २०८३/०६/२९ गते बिहीबार

समय : बिहान ११:०० बजे

स्थान : गौतम होटल, बर्दिबास

**साधारण सभामा छलफल तथा पारित गर्नुपर्ने विषयहरू :**

१. आ.व. २०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
३. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम/बजेट प्रस्तुती, छलफल गरी पारित सम्बन्धमा।
४. आ.व. २०८२/०८३ को लेखा समितिको प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
५. आ.व. २०८३/०८४ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
७. विनियम तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा।
८. सञ्चालक समितिले पास गरेको बचत तथा ऋणको ब्याजदर अनुमोदन सम्बन्धमा।
९. ऋणको ब्याज तथा हर्जाना छुट सम्बन्धमा।
१०. संस्थाद्वारा सञ्चालित कृषि कार्यक्रम सम्बन्धमा।
११. सञ्चालक समितिले आ.व. २०८२/०८३ मा संस्था सञ्चालनका लागि गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
१२. खराब कर्जा असुली योजना सम्बन्धमा।
१३. विविध।

**विशेष अनुरोध :**

साधारण सभाभन्दा अगाडि नै यस संस्थामा आफूले बुझाउन बाँकी मासिक बचत, ऋणको किस्ता र ब्याज समयमै भुक्तानी गरौं। सभ्य सेयर सदस्यको पहिचान बनाऔं।

**वेद बहादुर कार्की**
**सचिव**
**सत्कर्म कृषि सहकारी संस्था लि.**
**बर्दिबास, महोत्तरी**
**सम्पर्क नं. : ०४४-५५०३८२, ९८१७८६१२६५**

# भोटेकोशी बाढी अपडेटः १ हजार ३५६ जनाको मृत्यु, करिब ५ हजार सम्पर्कविहीन

**खबर दर्पण समाचारदाता**
**भदौ २२ गते, बर्दिवास**

रसुवाको भोटेकोशीसहित विभिन्न नदीमा आएको विनाशकारी बाढी तथा त्यसबाट प्रभावित क्षेत्रमा मानवीय क्षति बढ्दै गएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढीजन्य विपद्मा परी हालसम्म १ हजार ३५६ जनाको मृत्यु भएको छ ।

प्राधिकरणले सोमबार साँझ ६ बजे सार्वजनिक गरेको विवरण अनुसार सबैभन्दा धेरै शव चितवनमा फेला परेका छन् । चितवनमा मात्रै ३६३ शव भेटिएका छन् ।

त्यस्तै, नवलपरासी पूर्वमा २२३, नवलपरासी पश्चिममा २२१, नुवाकोटमा १९७, रसुवामा १६९, गोरखामा ७५, धादिङमा ७० र तनहुँमा ३८ शव फेला परेका छन् ।

हालसम्म ९८ शवको सनाखत गरी आफन्तलाई बुझाइएको प्राधिकरणले जनाएको छ । पहिचान हुन नसकेका शवको पहिचानका लागि डीएनए परीक्षण प्रक्रिया अघि बढाइएको छ । सम्बन्धित जिल्ला प्रहरी कार्यालयमार्फत दुईवटा फोटो तथा नाता प्रमाणित कागजातसहित डीएनए नमुना दिन सकिने व्यवस्था गरिएको छ । बाढी तथा पहिरो प्रभावित क्षेत्रमा ६ हजार ६७६ जना घाइतेको उपचार गरिएको छ । विभिन्न १० वटा अस्पतालमा ३२७ जनाको उपचार गरिएकोमा २४२ जना डिस्चार्ज भएका छन् । नेपाली सेनाले ३ हजार ३७९ जना र सशस्त्र प्रहरी बलले २ हजार ९७० जनाको उपचार गरेको विवरणमा उल्लेख छ ।

उद्धारपछि विभिन्न जिल्लामा स्थापना गरिएका ३९ वटा होल्डिङ सेन्टरमा ३ हजार ५३३ जना राखिएका छन् । तीमध्ये नुवाकोटमा २ हजार ६५१, रसुवामा ६६९ र धादिङमा २१३ जना रहेका छन् ।

### करिब ५ हजार अझै सम्पर्कविहीन

प्राधिकरणका अनुसार बाढीपछि करिब ४ हजार ९९४ जना सम्पर्कविहीन छन् । रसुवा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणअनुसार १ हजार ९६७ नेपाली नागरिक, नुवाकोटबाट २ हजार ३४० नेपाली नागरिक, करिब १०० सुरक्षाकर्मी तथा कर्मचारी र करिब ५८७ विदेशी पर्यटक सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ ।

तर, सम्पर्कविहीनको तथ्यांकमा पहिचान हुन नसकेका शव तथा उद्धार गरिएका व्यक्तिसमेत समावेश हुन सक्ने भएकाले विवरण रुजु गर्ने काम भइरहेको प्राधिकरणले स्पष्ट पारेको छ ।

यसैबीच, बाढी प्रभावित क्षेत्रबाट हालसम्म १३ हजार ३९६ जनाको उद्धार गरिएको छ । उद्धार तथा राहतका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीसहित २१ हजार ४०२ सुरक्षाकर्मी परिचालन भएका छन् ।

जसमध्ये नेपाली प्रहरीका ७ हजार ९१२, नेपाली सेनाका ९ हजार



२८७ र सशस्त्र प्रहरी बलका ४ हजार २०३ जना परिचालन गरिएको प्राधिकरणले जनाएको छ ।

### राहत र उद्धारमा हवाई उडान तीव्र

सोमबार प्रभावित जिल्लामा दुईवटा हेलिकप्टरबाट खाद्यान्न तथा बन्दोवस्तीका सामग्री पठाइएको छ । त्यस्तै, आठवटा मिनी ट्रकमार्फत खाद्यान्न तथा गैरखाद्य सामग्री ढुवानी गरिएको छ । उद्धार तथा राहतका लागि हालसम्म नेपाली सेनाले १ हजार १५७ पटक हवाई उडान गरेको छ । निजी क्षेत्रका हेलिकप्टरले काठमाडौं हुँदै १२९ पटक र सशस्त्र प्रहरी बलले प्रभावित क्षेत्रमा १९३ पटक हवाई उडान गरेका छन् ।

स्वास्थ्य मन्त्रालयमार्फत प्रभावित क्षेत्रमा १५० भन्दा बढी जनशक्ति मनोसामाजिक परामर्श तथा स्वास्थ्य सेवाका लागि परिचालन गरिएको छ ।

### विद्युत र सञ्चार सेवा क्रमशः सामान्य

बाढीबाट प्रभावित क्षेत्रमा विद्युत आपूर्ति पनि क्रमशः पुनःस्थापित भइरहेको छ । रसुवाका ७८५ घरधुरीमा विद्युत सेवा सुचारु भएको छ भने नुवाकोटमा ९६.७५ प्रतिशत र धादिङमा ९९.८५ प्रतिशत घरधुरीमा विद्युत सेवा पुनः सञ्चालनमा आएको छ । सञ्चारतर्फ नेपाल टेलिकमका १२० मध्ये ११७ टावर सञ्चालनमा आएका छन् । एनसेलका ७८ मध्ये ७६ टावर सञ्चालनमा रहेको प्राधिकरणले जनाएको छ ।

सरकारले प्रभावित क्षेत्रमा राहत व्यवस्थापनका लागि रसुवालाई १ करोड, नुवाकोटलाई १ करोड र धादिङलाई ५० लाख रुपैयाँ उपलब्ध गराएको छ । यस्तै प्रभावित १५ स्थानीय तहका लागि १३ करोड ५० लाख रुपैयाँ नगद राहत उपलब्ध गराइएको छ ।

इन्धनतर्फ प्रभावित क्षेत्रमा ५५ हजार लिटर डिजेल, २३ हजार लिटर पेट्रोल र १९ हजार लिटर हवाई इन्धन मौज्दात रहेको छ । साथै ४५७ वटा ग्यास सिलिन्डर अनुदानमा पठाइएको छ । प्राधिकरणले सम्पर्कविहीन, उपचाररत तथा उद्धार गरिएका व्यक्तिहरूको विवरण आफ्नो वेबसाइट तथा फेसबुक पेजमार्फत सार्वजनिक गरिरहेको जनाएको छ । यद्यपि, तथ्यांक संकलन र रुजु गर्ने काम जारी रहेकाले विवरणमा फेरबदल हुन सक्ने प्राधिकरणको भनाइ छ ।

# बटेश्वरमा रसुवा-भोटेकोशी बाढीपीडितको सम्झनामा श्रद्धाञ्जली तथा दीप प्रज्वलन



**खबर दर्पण समाचारदाता**
**भदौ २२ गते, बर्दिवास**

रसुवा-भोटेकोशी बाढीमा परी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै प्रभावित परिवार तथा रसुवावासीप्रति ऐक्यबद्धता जनाउन धनुषाको बटेश्वर बजारमा श्रद्धाञ्जली सभा तथा दीप प्रज्वलन कार्यक्रम सम्पन्न भएको छ।

सोमबार साँझ बटेश्वर बजार मा आयोजित कार्यक्रममा बाढीमा परी दिवङ्गत भएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै उपचाररत घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ तथा बेपत्ता भएकाहरूको सकुशल उद्धारको कामना गरिएको थियो।

कार्यक्रममा २०८२ भदौ २३ र २४ गते शहादत प्राप्त गरेकाहरूको समेत स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गरिएको थियो। दुःखद् घडीमा प्रभावित परिवार तथा सम्पूर्ण रसुवावासीप्रति ऐक्यबद्धता जनाउँदै मानवीय संवेदना प्रकट गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ।

कार्यक्रममा बटेश्वर तथा आसपासका स्थानीयवासी, युवा, नागरिक समाज, शुभेच्छुकलगायतको सहभागिता रहेको थियो। सहभागीहरूले श्रद्धाको दीप प्रज्वलन गर्दै विपद्मा ज्यान गुमाएकाहरूप्रति सम्मान तथा प्रभावित परिवारप्रति सहानुभूति व्यक्त गरेका थिए।

'दुःखमा साथ, पीडितसँग ऐक्यबद्धता' भन्ने भावनाका साथ आयोजित कार्यक्रमले विपद्को समयमा मानवीय संवेदना, सामाजिक एकता र ऐक्यबद्धताको सन्देश दिएको आयोजकले जनाएको छ।

**सार्वजनिक स्थलमा धुम्रपान नगरौं । सभ्य नागरीकको परिचय दिऔं ।**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# वर्षान्तको बजेट खर्च रोक्ने मधेसको.......

मधेस सरकारले यसपटक यही चक्र तोड्न खोजेको छ ।

अर्थमन्त्री युवराज भट्टराईका अनुसार विगतमा अर्थ मन्त्रालयले बजेट बनाउने तर मन्त्रालयहरूले समयमै बजेट प्राप्त नगर्ने गुनासो आउने गरेको थियो । अब भने विनियोजित बजेट कार्यान्वयनका लागि सुरुदेखि नै उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

“अब विगतमा जस्तो आर्थिक वर्षको अन्त्यमा हतारहतारमा विकास निर्माणको काम गर्नुपर्ने अवस्था हुँदैन,” उहाँको भनाइ छ ।

## बजेट खुल्यो, अब काम कति छिटो हुन्छ ?

बजेट समयमै उपलब्ध गराउनु सकारात्मक सुरुवात हो । तर यसले मात्र वर्षान्तको खर्च रोकिँदैन।

कुनै आयोजना कार्यान्वयनका लागि बजेटबाहेक विस्तृत अध्ययन, लागत अनुमान, प्राविधिक डिजाइन, जग्गा तथा वातावरणीय पक्ष, बोलपत्र कागजात, ठेक्का सम्झौता र निर्माण व्यवसायीको परिचालनजस्ता धेरै चरण पार गर्नुपर्छ ।

यीमध्ये कुनै एक चरणमा ढिलाइ भयो भने सुरुमै बजेट उपलब्ध भए पनि आयोजना असारसम्म धकेलिन सक्छ ।

यसकारण मधेस प्रदेशको नयाँ अभ्यासको वास्तविक परीक्षा अर्थ मन्त्रालयले बजेट खुला गरेको दिनभन्दा मन्त्रालयहरूले बोलपत्र कहिले निकाल्छन्, सम्झौता कहिले गर्छन् र निर्माणस्थलमा काम कहिले सुरु हुन्छ भन्नेमा निर्भर हुनेछ ।

यसपटक प्रदेश सरकारले विकास निर्माणका काम टेन्डर प्रक्रियामार्फत अघि बढाउने नीति पनि लिएको छ। यसले उपभोक्ता समितिमार्फत गरिने साना-साना योजनाको विकल्प खोजेको देखिन्छ ।

## एक करोडको सीमाले के बदल्छ ?

चालु आर्थिक वर्षको बजेटमा एक करोड रुपियाँभन्दा कम लागतका योजना समावेश नगर्ने नीति लिइएको छ । प्रदेश सभाबाट पारित बजेटमा यस्तो व्यवस्था गरिनुको एउटा प्रमुख कारण टुक्रे योजनाको संख्या घटाउनु र सीमित स्रोतलाई ठूला तथा परिणाममुखी आयोजनामा केन्द्रित गर्नु हो ।

विगतमा साना योजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्दा योजना छनोटदेखि भुक्तानीसम्म अनियमितता र कमिसनको खेल हुने गरेको आरोप लाग्दै आएको थियो ।

एक करोडको सीमा र टेन्डर प्रणालीले यस्ता सम्भावना घटाउने अपेक्षा गर्न सकिन्छ। तर यसलाई आफैँमा भ्रष्टाचार नियन्त्रणको पूर्ण उपाय मान्न भने सकिँदैन ।

किनभने ठूला आयोजनामा पनि मिलेमतो, लागत बढाउने, गुणस्तर घटाउने, काम ढिला गर्ने वा ठेक्का लिएर समयमा काम नगर्ने समस्या हुन सक्छ। त्यसैले टेन्डर प्रणालीसँगै ठेक्का व्यवस्थापन, प्राविधिक अनुगमन, सार्वजनिक सूचना र कामको गुणस्तर परीक्षण पनि बलियो हुन आवश्यक छ ।

## उपभोक्ता समिति हटाउँदा स्थानीय सहभागिता के हुन्छ ?

प्रदेश सरकारले टेन्डरलाई प्राथमिकता दिएपछि अर्को प्रश्न स्थानीय सहभागिताको हो ।

उपभोक्ता समितिबाट हुने काममा स्थानीय नागरिकको प्रत्यक्ष सहभागिता हुने भएकाले कतिपय अवस्थामा साना सामुदायिक संरचना निर्माणमा त्यसको उपयोगिता देखिँदै आएको छ । तर यही माध्यमबाट योजना टुक्र्याउने, राजनीतिक पहुँचका आधारमा योजना बाँड्ने र कमिसनको आरोप लाग्ने अवस्था पनि देखिएको छ ।

त्यसैले समस्या उपभोक्ता समिति मात्र हो कि योजना छनोट र अनुगमनको कमजोर प्रणाली पनि हो भन्ने प्रश्न महत्वपूर्ण हुन्छ ।

यदि टेन्डरमा गएर पनि ठूला निर्माण व्यवसायीले काम ओगट्ने, समयमा सम्पन्न नगर्ने र स्थानीय आवश्यकतालाई बेवास्ता गर्ने अवस्था आयो भने मात्र प्रणाली परिवर्तनले अपेक्षित परिणाम दिन सक्दैन ।

## स्रोतको प्रश्न अझै बाँकी

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपियाँको बजेट ल्याएको छ। बजेट ठूलो भए पनि यसको सम्पूर्ण रकम प्रदेशको आफ्नै राजस्वबाट मात्र आउने होइन ।

सङ्घीय अनुदान तथा राजस्व प्राप्तिमा कमी आएमा प्रदेशको खर्च क्षमता प्रभावित हुन सक्छ । यही कारण अर्थ मन्त्रालयले केही मन्त्रालयका केही शीर्षकको बजेट रोक्का राखेको जनाएको छ । स्रोतको अनिश्चितताबीच सबै बजेट एकैपटक खुला गर्दा भविष्यमा भुक्तानी व्यवस्थापनमा समस्या आउन सक्ने जोखिमलाई सरकार ले ध्यान दिनुपर्ने देखिन्छ ।

यसले नयाँ अभ्यासको अर्को चुनौती देखाउँछ–बजेट समयमै उपलब्ध गराउने र स्रोतको सुनिश्चितता कायम गर्नेबीच सन्तुलन।

## खर्च होइन, परिणाम हेर्ने समय

मधेस प्रदेशले बजेट खर्चको पुरानो अभ्यास बदल्न खोजेको छ। तर विकास बजेटको सफलता खर्च प्रतिशतले मात्र मापन गर्नु अर्को पुरानो गल्ती हुनेछ ।

यदि भदौमै ठेक्का लाग्यो, तर आयोजना वर्षौंसम्म सम्पन्न भएन भने समयमै बजेट कार्यान्वयनको दाबी अर्थहीन हुन्छ । त्यस्तै, खर्च बढ्यो तर सडक केही महिनामै भत्कियो, भवन प्रयोगविहीन भयो वा आयोजना नागरिकको आवश्यकताअनुसार भएन भने त्यसलाई विकासको उपलब्धि मान्न सकिँदैन ।


त्यसैले प्रदेश सरकारका लागि यस वर्षको मुख्य चुनौती ‘कति बजेट खर्च भयो’ होइन, ‘कति काम समयमा, गुणस्तरीय र पारदर्शी रूपमा सम्पन्न भयो’ भन्ने बनाइनुपर्छ ।

प्रदेश सरकारले विगतको वर्षान्तमुखी खर्च प्रणाली परिवर्तन गर्ने प्रयास थालेको छ । यो अभ्यास सफल बनाउन अर्थ मन्त्रालयले बजेट उपलब्ध गराउने कामसँगै मन्त्रालयहरूको कार्यसम्पादन पनि नियमित रूपमा सार्वजनिक गर्नुपर्ने देखिन्छ ।

कुन मन्त्रालयले कहिले टेन्डर निकाल्यो ? कति योजनाको सम्झौता भयो ? कति आयोजना सुरु भए ? कति सम्पन्न भए ? कति रकम खर्च भयो ? र खर्चअनुसार भौतिक प्रगति कति भयो ? यस्ता विवरण सार्वजनिक भए मात्र नागरिकले नयाँ प्रणालीको परिणाम थाहा पाउनेछन् ।

अन्ततः मधेस प्रदेशको यो नीति बजेट खर्च गर्ने समय परिवर्तन गर्ने मात्र होइन, विकास प्रशासनको कार्यशैली परिवर्तन गर्ने अवसर पनि हो। असारको अन्तिम दिन बजेट सक्ने संस्कार तोडेर भदौदेखि नै काम सुरु गर्ने अभ्यास संस्थागत गर्न सकियो भने प्रदेशको विकास खर्चमा मात्र होइन, सार्वजनिक निर्माणको गुणस्तरमा पनि सुधार आउन सक्छ ।

तर त्यसका लागि बजेट खोल्ने निर्णय पहिलो चरण मात्र हो । त्यसपछि सुरु हुने योजना छनोट, खरिद प्रक्रिया, ठेक्का व्यवस्थापन, अनुगमन र जवाफदेहिताको प्रत्येक चरणले नै यो प्रयोग सफल वा असफल हुने निर्धारण गर्नेछ ।






# रसुवा बाढीका मृतक सम्झिँदै जनकपुरधाममा दीप प्रज्ज्वलन



**खबर दर्पण समाचारदाता**
**भदौ २२ गते, बर्दिवास**

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएकाहरूको आत्माको चीरशान्तिको कामना गर्दै जनकपुरधामका युवाहरूले दीप प्रज्ज्वलन गरेका छन् ।

बाढीमा परी ज्यान गुमाएका नागरिकको सम्झनामा १३औं दिनको पुण्य तिथिमा सोमबार साँझ जानकी मन्दिरको प्राङ्गणमा युवाहरूले दीप प्रज्ज्वलन गर्दै श्रद्धाञ्जली अर्पण गरेका हुन् ।

दीप प्रज्ज्वलन कार्यक्रममा सहभागी युवाहरूले बाढीमा परी ज्यान गुमाएका सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गरेका थिए ।

कार्यक्रममा सहभागीहरूले प्राकृतिक विपद्का कारण ठूलो मानवीय तथा भौतिक क्षति भएको भन्दै प्रभावित परिवारको उद्धार, राहत र पुन:स्थापनामा राज्यले थप प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिए ।

भोटेकोशी बाढीले रसुवासहित विभिन्न जिल्लामा ठूलो क्षति पुऱ्याएको थियो । विपद्मा परी धेरै नागरिकको ज्यान गएको, केही अझै सम्पर्कविहीन रहेको तथा ठूलो संख्यामा परिवार प्रभावित बनेका छन् ।

जनकपुरधामका युवाहरूले दीप प्रज्वलनमार्फत विपद्मा ज्यान गुमाएकाहरूको स्मरण गर्नुका साथै पीडित परिवारप्रति ऐक्यबद्धता र सहानुभूति प्रकट गरेका हुन् ।

# भोटेकोशी बाढीमा दिवङ्गतप्रति बर्दिबासमा दीप प्रज्वलन



**खबर दर्पण समाचारदाता**
**भदौ २२ गते, बर्दिबास**

भोटेकोशी नदीमा आएको भीषण बाढी तथा पहिरोमा परी ज्यान गुमाएकाहरूको सम्झनामा महोत्तरीको बर्दिबासमा सोमबार साँझ दीप प्रज्वलन गरिएको छ ।

राष्ट्रिय शोक दिवस तथा श्रद्धाञ्जलि सभाका रूपमा बर्दिबास चोकस्थित तीनकुनेमा आयोजित कार्यक्रममा विभिन्न सामाजिक सङ्घसंस्था, व्यवसायी, सञ्चारकर्मी, नागरिक समाज तथा स्थानीयवासीले सहभागी भई दिवङ्गतप्रति श्रद्धाञ्जलि अर्पण गरेका हुन् ।

कार्यक्रममा सहभागीहरूले सडकमा दीप प्रज्वलन गर्दै बाढीपहिरोमा परी ज्यान गुमाएका नागरिकको आत्माको चिरशान्तिको कामना गरेका थिए । घटनामा बेपत्ता भएकाहरूको खोजी तथा प्रभावित परिवारको उद्धार, राहत र पुन:स्थापनालाई प्रभावकारी बनाउन सरकारसँग आग्रहसमेत गरिएको थियो ।

कार्यक्रमस्थलमा दीप प्रज्वलन गरी विभिन्न सन्देश तथा श्रद्धाञ्जलिका शब्द लेखिएको थियो । शोकमा रहेका परिवार प्रति ऐक्यबद्धता जनाउँदै सहभागीहरूले विपद्को पीडामा सबैले साथ दिनुपर्नेमा जोड दिएका थिए ।

पूर्व कर्मचारी समाज बर्दिबास, बर्दिबास नगर पत्रकार सञ्जाल, बर्दिबास उद्योग वाणिज्य संघ, बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, लायन्स क्लब अफ बर्दिबास समाज, रोटरी क्लब अफ बर्दिबास, प्रगतिशील लेखक संघ मधेश प्रदेश, होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरी, लियो क्लब अफ बर्दिबास समाज, रोट्याक क्लब अफ बर्दिबास, राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान महोत्तरी, नागरिक समाज बर्दिबास, गौरीबास सेवा समिति र गौरीबास युथ क्लबको संयुक्त आयोजनामा कार्यक्रम गरिएको हो ।

आयोजक संस्थाहरूले भोटेकोशी बाढीमा परी दिवङ्गत भएकाहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै प्रभावित परिवारको दु:खमा सबैलाई साथ दिन आह्वान गरेका छन् ।


**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्मेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२१०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,